मिति २०७६।१२।२३ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको अध्यक्षतामा बसेको जिल्लास्तरीय Crisis Management Center (CMC) बैठकको उपस्थिति र निर्णय देहाय अनुसार रहेको छ।

उपस्थिति:

सल्लाहकार अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर -

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय भक्तपुर
२. जि. स.अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, विरदल गण सुर्यविनायक व्यारेक
४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय भक्तपुर
७. सहायक प्र.जि.अ. श्री दिलिपप्रसाद लामिछाने, जिल्ला प्रशासन कार्यालय भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित

छलफलका विषय:

१. क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको घर फिर्ता सम्बन्धमा।
२. CMC बैठकको निर्णयको कार्यान्वयन सम्बन्धमा।
३. विविध।

निर्णय:

१. खरिपाटी स्थीत नेपाल विद्युत प्राधिकरणको क्वारेन्टाइन स्थलमा रहेका व्यक्तिहरूको स्वाब परीक्षण गर्दा Negative Report प्राप्त भएकाहरूलाई घर फिर्ता गर्ने।
२. कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा सहयोग समन्वय गर्नको लागि सम्बन्धित स्थानीय तहहरूसँग समन्वय गरी सहजीकरण गर्दै सोको निरन्तर अनुगमन गर्ने।
३. औषधि उपकरण तथा स्वास्थ्य सामग्री आपूर्तीको लागि स्थानीय तहहरूसँग समन्वय गरी जनस्वास्थ्य कार्यालयले व्यवस्थापन गर्न लगाउने र सोको अनुगमन गर्ने।
४. अस्पतालहरूमा मापदण्ड अनुसार Isolation बेड संख्या ८७ रहेको। भेन्टिलेरसहितको ICU कक्ष १७ वटा रहेको। सो सम्बन्धमा अन्य अस्पतालहरूसँग छलफल गरी Isolation बेड संख्या र भेन्टिलेरसहितको ICU कक्ष क्रमशः थप गर्दै लैजाने।
५. हालसम्म जिल्लामा क्वारेन्टाइन राख्न सकिने बेड संख्या २९५ रहेको। स्थानीय तहहरूसँग छलफल गरी क्वारिन्टाईनको संख्या बृद्धि गर्दै लैजाने।
६. जनस्वास्थ्य कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजारको संयोजकत्वमा, स्वास्थ्य संयोजक श्री डा. रत्न सुन्दर लासिवा (भ.न.पा.), श्री भागिराथ अधिकारी(म.ठि.न.पा.), श्री सत्यकुमार दुवाल(चा.न.पा.) र श्री वसन्तकुमार चापाँगाई (सु.न.पा.) सदस्य रहने गरी PRT(Patient Receiving Team) गठन गरिएको जसले स्थानीय तहमा रहेका स्वास्थ्यकर्मीहरूसमेतको वडा स्तरिय PRT गठन गरी सोको निर्णय CMC मा पठाउने र सोही अनुसार बिरामीहरूलाई अस्पतालसम्म पुर्याउने कार्य गर्ने।
७. दुवाकोट स्थित काठमाडौं मेडिकल कलेज पब्लिक लिमिटेडसँग रहेको भौतिक पूर्वाधार तथा सेवाहरूलाई कोभिड-१९ संक्रमण नियन्त्रण तथा उपचार केन्द्रको रुपमा संचालन गर्न अत्यावश्यक देखिएकोले निर्णयार्थ सिफारिस गरी CCMC मा पठाउने।
८. जिल्लामा रहेका स्वास्थ्यसँग सम्बन्धित जनशक्तिलगायत गैर सरकारी निकायहरूका जनशक्तिको जिल्ला स्वास्थ्य कार्यालय मार्फत प्रभावकारी रुपमा परिचालन गर्ने।
९. जिल्लाको भूगोल सानो र जनसंख्या धैरै भएको कारण लकडाउनको समय अवधिमा कल कारखाना, उद्योग व्यवसाय र ईटा भट्टा पूर्ण रुपमा बन्द गर्ने।
१०. राहत वितरणसँग सम्बन्धित कार्य गर्न स्थानीय तहलेनै गर्ने भन्ने निर्णय भईसकेकोले व्यक्तिगत, राजनीतिक र सामाजिक आवरणमा राहत वितरणलाई निषेध गरी एक द्वार प्रणाली मार्फत वितरण गर्ने।
११. अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ती व्यवस्थापनलाई सहज, सरल र व्यवस्थिति बनाउन निरन्तर निगरानी, अनुगमन र निर्देशन गर्ने।